फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

अत्यन्त जरुरी

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु.०७६/०७७/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३३८८

मितिः २०७६/१२/०९

विषयः- कोभिड-१९ सतर्कता सम्बन्धमा ।

श्री प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा कोभिड-१९ को संभावित जोखिम रोकथाम तथा नियन्त्रणका सम्बन्धमा यसअघि तहाँ प्रेषित निर्देशन र परिपत्रहरु प्राप्त भई व्यहोरा अवगत भएकै होला । कोभिड-१९ को संभावित संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणका सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट राष्ट्रका नाममा भएको सम्वोधनवाट निर्देशित विषयहरुमा तहाँ जिल्लामा आवश्यक समन्वय र सहजीकरण गरी कार्ययोजना निर्माणका साथ प्रभावकारी कार्यान्वयन गर्ने गराउने र निम्न विषयमा तहाँबाट आवश्यक कारवाहीको तत्काल व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

१. जिल्लास्थित सबै सरकारी कर्मचारीहरु र अत्यावश्यक सेवामा कार्यरत निजी क्षेत्रका समेत कर्मचारीहरुले यथावत रुपमा आ-आफ्नो कार्यालयमा उपस्थित भई नियमित कामकाज गर्ने ।
२. संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक, सामुदायिक तथा निजी सेवा प्रदायक संस्थाहरुवाट प्रदान गरिने नेपाल राजपत्रमा प्रकाशन गरिए अनुसारका अत्यावश्यक सेवा वाहेकका अन्य सबै सेवाहरु मिति २०७६/१२/०९ देखि २०७६/१२/२१ गतेसम्म बन्द गरिएको सूचना जारी गर्ने/बन्द गर्ने ।
३. नियमित कामकाजका साथै भारतसंग सीमा जोडीएका जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुले जिल्ला स्थित सरकारी कार्यालयका कर्मचारीहरुको Team बनाई सीमानाका तोकी सीमाको अवस्था, आवागमन, हेल्थ डेस्कको अनुगमन, प्रभावकारी सुपरीवेक्षण, समन्वय र प्रतिवेदनका लागि परिचालन गरी कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि केन्द्रित गर्ने । अन्य जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुले पनि जिल्लाका सरकारी कर्मचारीहरुलाई सोही बमोजिम उच्च सतर्कताका साथ राखी कार्ययोजना बमोजिम परिचालन गर्ने ।

(प्रतिक राई)
शाखा अधिकृत

अवगतार्थ
माननीय गृहमन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय ।
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय ।

बोधार्थ:
श्री विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, गृह मन्त्रालय ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै प्रदेश ।